सम्माननीय सभामुख महोदय,

आगामी आ. व. २०८२/०८३ को नेपाल सरकारद्वारा प्रस्तुत मन्त्रालयगत विनियोजन शिर्षक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट पेश भएका कार्यक्रमहरु उपर माननीयज्यूहरुबाट स्वास्थ्य क्षेत्रको समुन्नतिका लागि राख्नुभएको रचनात्मक सुझाव, विशेष प्रस्ताव र टिप्पणीका लागि हार्दिक आभार व्यक्त गर्दछु।

यस गरिमामय सदनमा माननीयज्यूहरुबाट व्यक्त भएका विषयबस्तुले समग्र सरकार र स्वास्थ्य क्षेत्रको नेतृत्वलाई अझ व्यावहारिक, थप प्रभावकारी र जनमुखी बन्न प्रेरित गरेको मैले अनुभूति गरेको छु।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आ.व. २०८२/०८३ को विनियोजन सम्बन्धमा माननीयज्यूहरुबाट खर्च कटौतिको प्रस्ताव, जिज्ञासा र सुझाव प्राप्त भएको छ।

संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको छ।जस अनुरुप स्वास्थ्य सेवाका सबै अङ्ग(स्वास्थ्य प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक पुनर्स्थापनात्मक र प्रशामक) विशिष्टकृत विधा र उपचार पद्धतिको समूचित विकास तथा विस्तारद्वारा स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न गराउने गरी आगामी आ व का लागि आवश्यक विनियोजन गरिएको छ। आगामी आ व का लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि जम्मा ९५ अर्ब ८१ करोड विनियोजन गरिएको छ। जसमा

संघ सरकारमा ५५ अर्ब ३९ करोड

प्रदेश सरकार- ६ अर्ब ५३ करोड

स्थानीयतह- ३४ अर्ब ३२ करोड विनियोजन भएको छ।

स्वास्थ्य तथा जनसंख्या क्षेत्रमा नेपाल सरकारले पक्ष राष्ट्र भई जनाएका दिगो विकास लक्ष्य आदि अन्तर्राष्ट्रिय प्रतिबद्धता, स्वास्थ्य सेवामा सर्वव्यापी पहूँच पुर्याउने लक्ष्य, स्वीकृत आवधिक योजना र प्रगतिलाई कायम गर्न प्रभावकारी कार्यक्रमहरुको निरन्तरता र थप उपलब्धि हासिल गर्न नविनतम कार्यक्रमको विनियोजन गरिएको छ।
सर्वप्रथम निरोगी नेपालको अवधारणा बमोजिम फाल्गुण महिनालाई नसर्ने रोग स्क्रिनिङ्गको महिनाकारुपमा व्यापक कार्यक्रम सञ्चालन, म स्वास्थ्य मेरो समुदाय स्वस्थका लागि ७३६ स्थानीयतहमा जनस्वास्थ्यका कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि एक जनस्वास्थ्य अधिकृतको व्यवस्था, आयुर्वेद, योग ध्यान तथा परम्परागत चिकित्सा पद्धति मार्फत निरोगी नागरिक बनाउन नागरिक आरोग्य कार्यक्रमलाई सबै स्थानीयतहमा विस्तार, मानसिक स्वास्थ्य प्रवर्द्धन, संक्रामक रोग तथा महामारी व्यवस्थापन, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र प्रजनन रुग्णता सम्बन्धी स्वास्थ्य सेवा सबै स्थानीयतहमा लागू हुने गरि विनियोजन गरिएको छ। १४ वर्ष मूनीका बालबालिकालाई पाठेघरको मुखको क्यान्सर विरुद्ध एच पि भी खोप लगाउने व्यवस्था मिलाईएको छ।

निर्माण सम्पन्न भएका आधारभूत अस्पतालको तीनै तहको सहकार्यमा संघ सरकारबाट चिकित्सक सहित औजार उपकरण उपलब्ध गराई श्रावण १ गते देखि सञ्चालनमा ल्याईनेछ। निर्माणाधीन आधारभूत

अस्पतालको सम्पन्नता र निर्माण सुरु नभएका स्थानियतहमा सुरुवात गर्न रणनैतिक स्थानको म्यापिङ्ग कार्य भैरहेको छ।
स्वास्थ्य बीमा बोर्डको O&M प्रकृया अन्तिम चरणमा पुगेको छ। प्रविधीमा स्तरोन्नति, सबै किसिमका सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रम एकिकृत ढङ्गबाट बीमा मार्फत सञ्चालन, बिमित सेवाग्राहीलाई सबै किसिमका सुविधा थैली, सेवा प्रदायक अस्पतालमा स्वास्थ्य बीमाको शोधभर्ना, भुक्तानी बाँकी रहेको बक्यौता तत्काल फरफारक गरिनेछ। स्वास्थ्य बीमालाई थप प्रभावकारी बनाउन सम्पूर्ण पक्षमा सुधार गरिनेछ।बीमासँग सम्बन्धित सम्पूर्ण कानूनी व्यवस्था लागू गरिनेछ।

सम्माननीय सभामुख महोदय,

दशकौंसम्म हुननसकेको स्वास्थ्य क्षेत्रको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) हरेक वर्ष २५०० जना स्वास्थ्य जनशक्ति थपिने गरी ५वर्ष भित्र १२००० दक्ष जनशक्ति पुर्याउने गरी थालनी गरेका छौ।यस वर्ष थप हुने २५०० जनशक्तिको O&M प्रकृया पूरा गरी मन्त्रिपरिषदमा पेश गर्ने गरी अन्तिम चरणमा रहेको छ।
सघन जलनको उपचार, मुटु, मृगौला प्रत्यारोपण, क्यान्सर लगायतका विशिष्टकृत सेवाहरु सातै प्रदेशका एक एक संघीय अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हुने गरी व्यवस्था गरिएको छ।

जनस्वास्थ्यको अवस्थालाई मध्यनजर गर्दै मधेश प्रदेशमा विशेष सुविधा सहितको मृगौला उपचार केन्द्र स्थापना गरिनेछ, काठमाडौमा सुविधासम्पन्न राष्ट्रिय न्युरो उपचार केन्द्र स्थापनाका लागि बजेटको व्यवस्था गरिएको छ। निर्माण सम्पन्न भक्तपुरस्थित छाती रोग अस्पताल र बुढानिलकण्ठस्थित राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योगसेवा केन्द्र सञ्चालनका लागि विनियोजन गरिएको छ।

ठुला संघीय अस्पतालहरु कोशी अस्पताल, रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, नारायणी अस्पताल, राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेरी अस्पताल, मानसिक अस्पताल पाटन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, संक्रामक तथा सरुवा रोग अस्पताल टेकु, पोखरा मा आयुर्वेद योग तथा प्राकृतिक चिकित्सा सहितको अस्पताल, नरदेवी आयुर्वेद अस्पताल पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरिएको छ।

बि पी कोईराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सर उपचारमा अत्यावश्यक साईक्लोट्रोन उत्पादन गर्ने गरी PET स्क्यान सेवा सञ्चालन गर्न बहुवर्षीय योजनामा समावेश गरिएको छ।

आगामी आ व मा औजार उपकरण जनशक्ति पूर्वाधार विकासमा थप उपलब्धि हासिल हुनेछ।

संघीय अस्पतालहरुमा अत्यावश्यक औजार उपकरण उपलब्ध हुने गरी बजेट विनियोजन गरिएको छ।

देशका विभिन्न स्थानमा निर्माणाधीन ट्रमा सेन्टर तथा संक्रामक एवं सरुवा रोग अस्पतालको निर्माण सम्पन्नता। साथै बीर, ट्रमा, कान्ति, प्रसूति अस्पतालको क्षमता अभिवृद्धिका लागि व्यवस्था मिलाईएको छ।

सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु,आमा तथा नवजात शिशु स्वास्थ्य सुरक्षा, सामाजिक सेवा इकाइ, जेष्ठनागरिक सेवा, एकद्वार संकट व्यवस्थापन, आठ कडा रोगको उपचारमा थप सुविधाको व्यवस्था मिलाईएको छ। थारु समुदायमा आनुवंशिक रोगकोरुपमा देखा परिरहेको सिकलसेल एनिमियाका विरामीका लागि निःशुल्क औषधी र सहुलियतपूर्ण उपचारको व्यवस्था गरेका छौं।
औषधी विधेयक, स्वास्थ्य सेवा विधेयक, प्रत्यायन विधेयक, अस्पताल विकास समिति विधेयक, रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, एकिकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक नयाँ निर्माणका साथै सूर्तिजन्य पदार्थको नियमन, आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुको नियमन, आयोडिनयुक्त खाने नून, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षा सम्बन्धी कानूनको संशोधन गर्ने गरी अगाडि बढेका छौं।

अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारीका निम्ति श्रम आप्रवासनमा गएका नेपालीहरुको स्वास्थ्य सुरक्षाको जिम्मेवारी रोजगारदाताले नै लिने व्यवस्था मिलाउन तथा यस सम्बन्धमा द्विपक्षीय श्रम सम्झौताम समावेश गर्न तथा आप्रवासी कामदारहरुको स्वास्थ्य सुरक्षालालाई विश्वव्यापी मान्यता दिलाउन हामीले WHO समक्ष रोजगारदाताको जिम्मेवारी सम्बन्धी नयाँ सिद्धान्त निर्माणका लागि औपचारिक प्रस्ताव लैजाने तयारी गरेका छौं।

सरकारी अस्पताललाई शिक्षण अस्पतालकोरुपमा प्रयोग गरी थप स्वास्थ्य जनशक्ति उत्पादन गर्न शिक्षा मन्त्रालयसँग सहकार्य गरिनेछ।

देश विकासमा जानसांख्यिक लाभांशको अधिकतम उपयोग हुने गरी राष्ट्रिय जनसंख्या नीति स्वीकृतिको अन्तिम चरणमा पुगेका छौं।
आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रको सर्वाङ्गीण विकास तथा विस्तारका लागि १० वर्षे रणनैतिक योजना गरिएको छ।
जटिल रोगको उपचार र सरकारी अस्पतालहरुमा विशेषज्ञ सेवा विस्तारका साथै सेवा क्षमता अभिवृद्धिका लागि विशेष योजनाहरु लागू गरिएको कुरा जानकारी गराउन चाहान्छु।
आधारभूत स्वास्थ्य सेवालाई तीनै तहका सरकार मिलेर थप व्यवस्थित र प्रभावकारी बनाउन सहकार्यगत प्रणाली विकास गरिनेछ साथै विशिष्टकृत सेवालाई देशका सबै भुगोल र क्षेत्रका नागरिकहरुको सहज पहूँचमा पुर्याउन क्रमशः सेवा विस्तार गरिनेछ।
अस्पतालमा उपचार गर्न जाँदा हुने भिड व्यवस्थित गर्न, फार्मेसीमा हुने लामो लाईनलाई व्यवस्थित गर्न, शल्यक्रियाको समयमै पालो मिलाउन, ओ पी डी लगाएतको सेवा लिने नागरिकलाई हुने कठिनाई र लामो समय पर्खिनु पर्ने अवस्थाको अन्त गर्न, डिजिटल प्रणालीमा जाने गरी कामको थालनी भएको छ।
स्वास्थ्य सेवालाई प्रविधीको माध्यामबाट जोड्दै एकिकृत राष्ट्रिय स्वास्थ्य प्रणालीको विकास गरिनेछ।

क्र सं	प्रश्नकर्ता माननीय	प्रश्न	उत्तर

विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार पनि देशको कुल बजेटको १० प्रतिशत स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्ने उल्लेख छ।अतः यस अवस्थामा आगामी आ व मा विनियोजित बजेट कुल बजेटको हाराहारीमा जम्मा ५ प्रतिशत रहेको छ। स्वास्थ्यमा लगानि अपुग छ। त्यसमा पनि खर्च कटौतीको प्रस्ताव राख्नुहुने माननीय सदस्यलाई आ-आफ्नो प्रस्ताव फिर्ता लिनुहुन अनुरोध गर्दछु।

साथ साथै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको शिर्षक अन्तर्गत आफ्नो जिज्ञासा, सुझाव र भनाई राख्नु हुने माननीयहरूबाट प्राप्त प्रश्नहरूको समूहकृत सार संक्षेप जवाफ म गरिमामय सदन समक्ष प्रस्तुत गर्न चाहन्छु।

१	मा. अमरेश कुमार सिंह	दरबन्दी बढाउनु पर्छ, पूर्वाधार मात्र भएर हुँदैन जनशकति पनि बढाउनुपर्ने ।१०% निजी अस्पतालमा निःशुल्क बेड व्यवस्था किन कार्यान्वयन हुन सकेन?	मन्त्रालयले आगामी आ व को बजेट बाट नै व्यवस्थापन गर्ने गरी क्रमशः ५ वर्षभित्रमा १२ हजार स्वास्थ्य जनशक्ति थप हुन हरेक वर्ष २५०० जनशक्ति बढाउने गरी तयारी सुरुवात गरिएको छ। निजी अस्पतालमा शय्या क्षमताको १० प्रतिशत निःशुल्क सेवा उपलब्ध गराउने व्यवस्थाको कडाईकासाथ लागू गरिएको छ।

२	मा. प्रेम सुवाल	अब उच्च पदस्थ नेताहरूले उपचारको लागि विदेश जानुको सट्टा स्वदेशमै गुणस्तरीय स्वास्थ्य सेवामा विश्वास गर्ने र यहीँ उपचार गर्ने नीति अवलम्बन गर्न आवश्यक छ। यसले स्वदेशको स्वास्थ्य प्रणालीको सुधारमा विश्वास बढाउने र सर्वसाधारणलाई समेत प्रेरणा दिनेछ। स्वदेशी आयुर्वेदिक औषधीको अनुसन्धान, उत्पादन र प्रयोगलाई प्राथमिकता दिई नीति तथा कार्यक्रममार्फत प्रवर्द्धन गर्नुपर्छ। जङ्क फूडको विज्ञापनमा कडाइका साथ प्रतिबन्ध लगाई जनस्वास्थ्यको संरक्षणमा ध्यान दिनुपर्छ। प्रत्येक प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको अस्पताल स्थापना गर्नुपर्ने ,७७ जिल्लामा अस्पताल साधन स्रोतयुक्त बनाउनुपर्ने ।	मनाङ्ग जिल्ला बाहेक सबै जिल्लामा आकस्मिक शल्यक्रिया सहितको ईमर्जेन्सी, मेडिसिन, स्त्री तथा प्रसूती सेवा सहितको बहिरङ्ग तथा अन्तरङ्ग सेवा विस्तार भएको छ। सेवाको गुणस्तर कायम गर्न अत्याधुनिक संशाधन र जनशक्तिलाई तालिमको व्यवस्था गरिएको छ। सातै प्रदेशमा मुटु, मृगौला, क्यान्सर लगायतका विशिष्टकृत सेवा विस्तार गरिएको छ। जनस्वास्थ्य सेवा ऐन २०७५ लागू पश्चात् कुनै पनि विशिष्ट नागरिकका लागि वैदेशिक उपचारका लागि सिफारिश गरिएको छैन। आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रको क्षमता अभिवृद्धि गर्ने योजना ल्याईएको छ। स्वास्थ्य प्रवर्द्धनात्मक विद्यालयको अवधारणालाई कार्यान्वयन ल्याउनका लागि एकिकृत विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा सञ्चालनका लागि विनियोजन गरिएको।

३	मा. माधव सापकोटा मा. हितबहादुर तामाङमा. नारायण प्रसाद आचार्य मा. नगिना यादव र मा. भगवति चौधरी	गाउँघरमा निर्माण गरिएका ५, १०,१५ बेडका अस्पताल सञ्चालनमा छैनन् ।सबै स्थानीय तहमा आवश्यक जनशक्ति, पूर्वाधार र स्रोतको अभावमा अस्पताल स्थापना गर्दा सेवा प्रभावकारी नहुने खतरा रहेकाले, स्रोत केन्द्रित गर्दै "एक स्थानीयतह,एक अस्पताल" नीतिबारे पुनः समीक्षा र पुनर्विचार आवश्यक	स्थानीयतहमा निर्माण सम्पन्न भएका आधारभूत अस्पतालहरुको तीनैतहको सहकार्यमा सञ्चालन हुन आधारभूत अस्पताल सञ्चालन मापदण्ड २०८१ स्वीकृत गरी लागू गरिएको छ। सोहि बमोजिम कार्यान्वयनका लागि बजेट रु १ अर्ब विनियोजन गरिएको। श्रावण १ गते देखि निर्माण सम्पन्न करिब ७० आधारभूत अस्पताल सञ्चालनमा ल्याईनेछ। संघ सरकारबाट जनशक्तिको व्यवस्थापन, औजार उपकरण लगायतको सहयोग गर्ने गरी बजेटको व्यवस्था गरिएको छ। हाल निर्माणाधिन आधारभूत अस्पताललाई निर्माण सम्पन्न गर्ने र नयाँ निर्माण गर्नुपर्ने रणनैतिक स्थानहरुको छनौट गर्ने गरी कार्यदलबाट अध्ययन भैरहेको छ। पालिकास्तरका आधारभुत अस्पतालको सञ्चालनका लागि आधारभूत अस्पताल सञ्चालन मापदण्ड स्वीकृत गरी लागू गरिएको छ।

४			स्वास्थ्य बीमा बोर्डलाई समयानुकूल बनाई स्वास्थ्य बीमाको प्रभावकारी सेवा विस्तारका लागि उच्चस्तरीय कार्यदल बनाई अध्ययन प्रतिवेदन तयार_गरिएको छ। नेपाल सरकार, बीमा बोर्ड र सेवा प्रदायक अस्पतालले गर्नुपर्ने सुधार सहितको विस्तृत प्रतिवेदन तयार गरिएको छ। सबै अस्पतालहरुमा बीमाबाट उपलब्ध हुने औषधी उपकरण र सेवाहरुको अविच्छिन्न सञ्चालनका लागि कडाई गरिएको छ। स्वास्थ्य बीमाको कोष अभिवृद्धिका लागि ऐनमा नै व्यवस्था भए बमोजिम सरकारी तलव तथा सुविधा लिने सम्पूर्ण र सङ्गठित क्षेत्रलाई समेत आबद्धता गराउन हामीले प्रकृया अगाडि बढाईसकेका छौं र यस कार्यका लागि सम्मानित सदनका सम्पूर्ण माननीयज्यहरुको सहयोग प्राप्त हुने अपेक्षा राखेका छौं।
		स्वास्थ्य बीमा कार्यक्रमको सुदृढिकरण सम्बन्धी, स्वास्थ्य बीमाबाट विशिष्टकृत स्वास्थ्य सेवा र कडा रोगहरुको उपचार लगायत	आगामी आ वमा स्वास्थ्य बीमा कार्यक्रमको बजेट चालू आवको तुलनामा केहि बृद्धि गरेका छौं। स्वास्थ्य बीमाका सबै सुविधा थैलीको कार्यान्वयन हुन आवश्यक व्यवस्था मिलाईएको छ। स्वास्थ्य बीमाको शोधभर्नालाई थप व्यवस्थित

५	मा.स. नारायणी शर्मा	सरकारी अस्पतालहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक सबै सुविधा र पूर्वाधार सहित सक्षम बनाउनु पर्नेमा जोड स्वास्थ्य वीमामा केन्द्रिकृत नभएको वजेट । स्वास्थ्य निशुल्क बनाउने सरकारी अस्पतालमा ध्यान नपुगेको अवस्था छ।	सबै सरकारी अस्पतालहरुको सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गराउन पेजिङ्ग, अस्पताल नेभिगेशन चार्ट, शल्यक्रियाको पालोको समय घटाउने, अनलाईन टिकट तथा भुक्तानी, एक्से रे फिल्म रहित Picture Archiving and communication system, डिजिटल ड्यासबोर्ड, सिफ्टिङ्ग सेवा र अस्पतालमा बीमा सेवाको कडाईका साथ पालना।

६	मा.स. दुर्गा राई	स्वास्थ्य क्षेत्रमा सुधार गर्न नसकेको वजेट ।डाक्टर उत्पादन त बढ्यो तर धेरै डाक्टर विदेशिएका छन्। नेपाल सरकारले डाक्टरहरूलाई देशमै राख्नका लागि ठोस कदम चाल्नुपर्छ। साथै, ८औं तहको विज्ञापन पनि खुलेको छैन। निजी क्षेत्रमा काम गर्दा डाक्टरहरू कठिनाइ भोगिरहेका छन्।	चिकित्सा शिक्षा आयोग शिक्षा मन्त्रालय र यस मन्त्रालय बीच स्वास्थ्य प्रणालीलाई आवश्यक दक्ष जनशक्ति उत्पादनका सम्बन्धमा गृहकार्य भैरहेको। विशिष्टकृत सेवा प्रवाह गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई देशभित्रै टिकाईराख्न उत्प्रेरणाका प्याकेजको तयारी भैरहेको। निजी क्षेत्रमा चिकित्सक नर्स तथा स्वास्थ्यकर्मीहरुको वेतनमान सरकारीस्तरको निर्धारणमा कडाईका साथ लागू गरेका छौं।

७	मा.स. कृष्ण कुमार श्रेष्ठ	मधेश प्रदेशमा स्वास्थ्य सेवा प्रणाली अत्यन्त कमजोर रहेको र जनताको आधारभूत स्वास्थ्य अधिकार समेत सुनिश्चित हुन नसकेको,मधेशमा स्वास्थ्य पूर्वाधार, जनशक्ति, औषधि र सेवाको गुणस्तरमा सुधार ल्याउन तत्काल प्रभावकारी र न्यायसंगत व्यवस्था गर्न सरकारलाई आग्रह	मधेशका प्रमुख जनस्वास्थ्य समस्या(कुपोषण, मातृ तथा नजवात शिशु मृत्युदर, क्षयरोग, कुष्ठरोग, मृगौला लगायतका नसर्ने रोग) समाधानका लागि एकिकृत कार्ययोजना तयार गर्ने गरी अगाडि बढेका छौ। नारायणी अस्पताल बिरगञ्जमा मुटु, मृगौला लगायतका विशिष्टकृत सेवा प्रवाह मिलाउन पर्याप्त विनियोजन गरेको छु। मधेश प्रदेशमा ५ १० १५ शय्याका अस्पतालहरुको निर्माण पर्याप्त भएका छन्। मधेश प्रदेशमा मधेश मृगौला उपचार केन्द्र स्थापना गर्न विनियोजन गरेका छौ।

८		यूनिभर्सल हेल्थ कभरेज (UHC) का लागि बजेट छैन। उपचारमुखी (curative) सेवामा मात्र ध्यान दिइएको छ, रोकथाममुखी (preventive) पक्षमा पनि ध्यान दिनुपर्छ। कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग स्वास्थ्य क्षेत्रमा गरिनुपर्छ। स्वास्थ्य सेवामा सकारात्मक पक्षहरू पनि छन्‘विदेशीहरू समेत नेपाल आएर सेवा लिइरहेका छन्। मेडिकल कलेजहरुलाइ आपत्कालिन अवस्थामा जोडिनुपर्ने। औषधि व्यवस्था विभाग, Preventive	सबै पक्षका स्वास्थ्यका सेवाहरु प्रवाह गर्ने गरी स्वास्थ्य सेवामा सर्वव्यापी पहूँच कायम गर्ने गरी सन्तुलित विनियोजन गरिएको छ। स्वास्थ्य सेवाको दायरा एवं पहूँच विस्तार, उपचारमा लाग्ने व्यक्तिगत खर्च कमी ल्याउन स्वास्थ्यका सामाजिक सुरक्षाको प्रभावकारी उपयोगलाई जोड दिएको छ। कुनैपनि भुगोल, क्षेत्र, धर्म, भेष भुषा, भाषा, लिङ्गका व्यक्तिलाई स्वास्थ्य सेवा प्राप्त गर्ने हकबाट वञ्चित नहुने गरी आवश्यक व्यवस्था मिलाएका छौं। समतामूलक र सन्तुलित सामाजिक विकास अन्तर्गत कार्यक्रम विनियोजन गरिएको छ। नयाँ प्रविधिस्वरुप रोबोटिक्स सर्जरी भित्र्याउन बजेट विनियोजन, Health Tourism लाई बढवा दिएको, आँखा क्षेत्रमा भएको देशको स्वाभिमानलाई अझ अभिवृद्धि गर्न नेपाल नेत्रज्योति सँघ, तिलगंगा आँखा अस्पतालसँग सहकार्य गर्ने गरी अगाडी बढेका छौं। विपद व्यवस्थापनमा Hub- Satellite अवधारणा बमोजिम निजी तथा गैह्रसरकारी अस्पताल एवं मेडिकल कलेजसँग समन्वयन भैरहेको

९	मा.स. रमा कोइराला र मा.स. कान्तिका सेजुवाल	आवश्यक स्थानहरूमा सुत्केरी केन्द्र (birthing center) निर्माण गरिनुपर्छ।	सुरक्षित सुत्केरी स्वास्थ्य केन्द्रहरुको सञ्चालनका लागि आवश्यक विनियोजन गरिएको, सेवाको माग र चाँपका आधारमा नयाँ बनाउने मर्ज गर्ने र रणनैतिक स्थानमा स्थानान्तरण गर्ने तयारी
१०	मा.स. देवेन्द्र पौडेल	प्रदेश तथा संघिय अस्पताल पालिकामा रहेको , अस्पताललाई विशिष्टिकृत अस्पतालमा परिवर्तन गर्नुपर्ने	अस्पतालको सेवालाई समयानुकूल बनाउन हरसंभव प्रयास गरिएको
११	मा स नगिना यादव	? जलन उपचारका लागि छुटयाइएको बजेट देखिँदैन, जबकि धेरै मानिसहरू यसबाट प्रभावित छन्।	विपन्न नागरिकको निःशुल्क जलन उपचारको शोधभर्नाका लागि रु १० करोड विनियोजन गरिएको। अब आर्थिक अभावका कारण जलनको उपचार नपाएर मर्नु पर्ने अवस्थाको अन्त्यका लागि पर्याप्त व्यवस्था गरेका छौ।

१२	मा.स. देव प्रसाद तिमल्सिना	कम्तीमा ५ वटा प्रमुख रोगहरूको उपचार निःशुल्क हुनुपर्छ। रौतहटमा एउटा मेडिकल कलेज राखिदिनुस्। एउटा मेडिकल कलेज राख्दा के आपत्ति भयो? म त २०७४ सालदेखि नै भन्दै आएको छु। अहिले पनि रौतहटमा सुविधा सम्पन्न अस्पताल छैन।	गरिब तथा विपन्नका लागि आठ कडा(मुटु, मृगौला, क्यान्सर. टाउको, मेरुदण्डको चोटपटक, सिकलसेल, अल्जाईमर्स, पार्किन्सन्स) रोगमा सहुलियतपूर्ण उपचार सुविधा कायम नै रहेको। १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार(भक्तपुर क्यान्सर, कान्ती, भरतपुर क्यान्सर र पाटन अस्पताल) निःशुल्क, स्ट्रोकको औषधी निःशुल्क, हेमोफिलियाको निःशुल्क उपचार, सहुलियतपूर्ण हुने व्यवस्था गरेका छौं। सातै प्रदेशमा बालबालिकामा हुने मधुमेह रोगको उपचार निःशुल्क हुने गरी तयारी भैरहेको जानकारी गराउन चाहान्छु। १५ वर्ष मूनिका र ७५ वर्ष भन्दा माथीका व्यक्तिका लागि निःशुल्क मुटुरोगको उपचार व्यवस्था गरेका छौ।

१३	मा.स. सराज अहमद फारुकी	स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्ति र औषधिको व्यवस्था गर्नुपर्छ। सीमान्तकृत समुदायका लागि विशेष कार्यक्रम ल्याइनुपर्छ। मोबाइल स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्नुपर्छ, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकका लागि फिजियोथेरापी सेवा सुनिश्चित गर्नुपर्छ।	स्वास्थ्य सेवालाई समतामूलक र समावेशी बनाउन विविध क्रियाकलापहरु सञ्चालन सबै संघीय अस्पतालमा फिजियोथेरापी सेवा सञ्चालन भैरहको
१४	मा.स. हितराज पाँडे	सुरेश वाग्ले मेमोरियल क्यान्सर सेन्टरमा क्यान्सर लगायतका रोगहरूको उपचारका लागि रेडिएसन (Radiation) सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता	त्रि वि शिक्षण अस्पताल परिसर भित्र रहेको सुरेश वाग्ले मेमोरियल अस्पतालको सञ्चालनका लागि पर्याप्त विनियोजन

१५	मा.स. शान्ति बी.क	कर्णालीमा अस्पताल त छन्, तर जनशक्ति छैन। स्वास्थ्य चौकी छन्, तर स्वास्थ्यकर्मी छैनन्। चिकित्सकको अभावले सेवा प्रभावकारी हुन सकेको छैन।	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जनशक्ति उत्पादन, प्रतिष्ठानसँगको सहकार्यमा जिल्लास्थित अस्पतालमा रेजिडेन्स चिकित्सको खटनपटन गरी सेवा प्रवाह। राकम कर्णाली अस्पतालको सञ्चालन। स्वास्थ्य चौकीको व्यवस्थापन आधारभूत स्वास्थ्य सेवा प्रवाह अन्तर्गत स्थानीयतहको हुने ।

सम्माननीय सभामुख महोदय,

माननीय सदस्यज्यूहरूले नेपालको स्वास्थ्य क्षेत्रका चुनौती र नागरिकका अपेक्षाहरूलाई अत्यन्त गहनताका साथ सदनमा प्रस्तुत गर्नुभएको छ। स्वास्थ्य सेवा तिनै तहका सरकारको दायित्व भित्र पर्दछ। आधारभूत स्वास्थ्य सेवा निःशुल्क र विशिष्टकृत स्वास्थ्य सेवा स्वास्थ्य बीमा मार्फत पुर्याउनु पर्ने हाम्रो लक्ष्य छ।

प्रदेश सरकार र स्थानीयबाट विभिन्न रोगका नाममा स्वास्थ्यका सामाजिक सुरक्षा अन्तर्गत दोहोरो सुविधा उपलब्ध गराउदा ती सरकारको आधारभूत स्वास्थ्य सेवामा हुनुपर्ने लगानी समेत कडा रोगको उपचारमा खर्च हुन गएको छ। अतः सामाजिक सुरक्षा केवल संघ सरकारबाट र प्रदेश तथा स्थानीयतहले आधारभूत स्वास्थ्य सेवामा लगानी गर्दा आधारभूत स्वास्थ्य सेवा निःशुल्क र प्रभावकारी बनाउन योगदान पुग्ने छ। यहि मान्यतालाई लागू हुने गरी सहकार्य गरिनेछ।

माननीय सदस्यज्यूहरूले भन्नु भए जस्तै - पूर्वाधार निर्माण मात्रै स्वास्थ्य सुधारको पूर्ण समाधान होइन। भवन, उपकरण र शय्याको सार्थकता तब मात्र हुन्छ, जब त्यहाँ दक्ष र उत्प्रेरित स्वास्थ्यकर्मीको उपस्थिति हुन्छ। यसै यथार्थलाई आत्मसात् गर्दै, हामीले ठोस कार्ययोजना अघि सारेका छौं।

सभामुख महोदयमार्फत म सदनलाई विश्वास दिलाउन चाहन्छु — स्वास्थ्य मन्त्रालय उपचारमुखी सेवामा मात्र होइन, नागरिकलाइ रोग लाग्न नै नदिन रोकथाममुखी र प्रवर्द्धनात्मक स्वास्थ्य कार्यक्रम तथा योजनामा समेत सन्तुलित लगानी गर्न प्रतिबद्ध छ। हाम्रो यी प्रयासहरु, स्रोतको सीमितताभित्र रहेर

स्वास्थ्यका कार्यक्रमहरूलाई केवल व्यवस्थापन गर्ने प्रशासनिक अभ्यास मात्र होइन, संविधानले प्रत्याभूत गरेको मौलिक हकको रूपमा स्थापित गर्न चालिएका दृढ कदम हुन्।

यी प्रयासहरू केवल बजेट र कार्यक्रमको जोडघटाउ होइनन्, हामीले कल्पना गरेको लोकतान्त्रिक समाजवाद उन्मुख राज्यको मर्मलाई साकार पार्दै भविष्यमा सुदृढ, न्यायपूर्ण र दिगो स्वास्थ्य प्रणालीको स्पष्ट मार्गचित्र कोर्ने प्रतिबद्धताको व्यावहारिक प्रतिबिम्ब हो।

हामी सबैले सहकार्य गरेर हरेक नागरिकले गर्व गर्न सक्ने सुलभ, गुणस्तरीय र न्यायपूर्ण स्वास्थ्य प्रणाली निर्माण गर्न सक्षम हुनेछौं।

धन्यवाद।